COMMONWEALTH OMBUDSMAN
OVERSEAS STUDENTS

# अन्तर्राष्ट्रिय विद्यार्थी – कोर्स (अध्ययन) प्रगति

यस जानकारी पत्रमा **सन्तोषप्रद कोर्स प्रगति कायम गर्ने** लगायतका निम्न विषयहरूमा जानकारी समावेश छ:

» कोर्स अर्थात अध्ययन प्रगतिका नियमहरु

» मध्यस्थता रणनितिहरु

» कमनवेल्थ अमबडस्मन (Commonwealth Ombudsman) को भूमिका, तथा

» अन्तर्राष्ट्रिय विद्यार्थीका लागि युक्तिहरू

## कोर्स (अध्ययन) प्रगति

### मैले किन सन्तोषप्रद कोर्स प्रगति कायम गर्नुपर्छ?

सबै प्रमुख विद्यार्थी भिसाबाहकहरुसँग एक **अनिवार्य भिसा शर्त** (8202) हुन्छ। उक्त शर्तमा तपाईले (अन्य आवश्यकतासँगै) तपाईको शिक्षा प्रदायकको आवश्यकताअनुरुप हरेक अध्ययन अवधिमा *सन्तोषप्रद कोर्स अर्थात अध्ययन प्रगति कायम* गर्नुपर्ने आवश्यकता हुन्छ।

यदि तपाईको परिस्थितिहरुमा परिवर्तन भएमा तपाईले शिक्षा प्रदायकलाई जानकारी गराउनुपर्छ, जस्तै यदि तपाई बिरामी परेमा वा तपाईको अध्ययनलाई प्रभाव पार्ने अन्य अवस्थाहरू भएमा।

### मैले के थाहा पाउनुपर्छ?

तपाईको शिक्षा प्रदायकले निम्न कुरा गर्नुपर्छ:

- तपाईको कोर्स प्रगतिको अनुगमन
- यदि तपाईले सन्तोषप्रद कोर्स प्रगति गर्न नसकेर जोखिममा हुनु हुन्छ भने हस्तक्षेप नीति कार्यान्वयन गर्ने
- हस्तक्षेप नीतिको कार्यान्वयनपछि पनि यदि तपाईले सन्तोषप्रद कोर्स प्रगति हासिल नगरेको मूल्यांकन भएमा तपाईलाई Department of Home Affairs लाई रिपोर्ट गर्ने आसय राखेमा यसको तपाईलाई जानकारी गराउने
- Department of Home Affairs लाई असन्तोषजनक कोर्स प्रगति भएको रिपोर्ट गर्ने

तपाई एक विद्यार्थीको हैसियतले:

- कोर्स प्रगति कायम राख्नु पर्ने आवश्यकता पूरा गर्नुपर्छ
- तपाईको असन्तोषजनक कोर्स प्रगतिबारेमा तपाईको शिक्षा प्रदायकले तपाईको बारेमा रिपोर्ट गर्ने निर्णयमा पुनरावेदन गर्ने अधिकार हुन्छ

हामीलाई सम्पर्क गर्नुहोस्
ombudsman.gov.au
1300 362 072

GPO Box 442
Canberra ACT 2601

तपाईसँग आफ्नो प्रदायकसँग उजुरी गर्ने तथा पुनरावेदन गर्ने र त्यसपछि कुनै स्वतन्त्र उजुरी सम्हाल्ने निकायमा बाह्य उजुरी गर्ने तथा पुनरावेदन गर्ने अधिकार छ

Commonwealth Ombudsman एक स्वतन्त्र उजुरी सम्हाल्ने निकाय हो।

Commonwealth Ombudsman एक निःशुल्क सेवा हो

के तपाईले हाम्रो भिडियो हेर्नुभयो? हेर्नका लागि QR कोड स्क्यान गर्नुहोस्

## उक्त प्रकृयाको समग्र रुप




## त्यस पछि के हुन्छ?

यदि तपाईले माथि रेखांकित प्रकृयालाई पालना गर्नुहुन्छ र Commonwealth Ombudsman लाई सम्पर्क गर्ने निर्णय गर्नुहुन्छ भने अमबडस्मनले तपाईको शिक्षा प्रदायकसँगको तपाईको विवादलाई मनन गर्नेछ।

यदि अमबडस्मनले **तपाईलाई समर्थन गर्ने निर्णय** गर्छ भने तपाईको प्रदायकले अमबडस्मनको सिफारिसलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ। यस अवस्थामा तपाईले आफ्नो अध्ययनलाई निरन्तर राख्न सक्नु हुनेछ र Department of Home Affairs मा रिपोर्ट गरिनु हुने छैन।

यदि अमबडस्मनले **तपाईको सेवा प्रदायकलाई समर्थन गर्ने निर्णय** गर्छ भने तपाईको प्रदायकले Department of Home Affairs समक्ष सन्तोषप्रद रुपमा कोर्स प्रगतिलाई पूरा गर्न असफल भएकोमा तपाईको रिपोर्ट गर्न सक्छ। अमबडस्मनले निम्न अवस्थामा तपाईको प्रदायकको पक्षमा निर्णय गर्न सक्छ यदि:

- तपाईको प्रदायकको नीति तथा कार्यविधिले राष्ट्रिय आचारसंहिता तथा कानुन (National code and the law)[1] मा भएको नियमहरुलाई अनुसरण गर्छ तथा
- तपाईको प्रदायकले यी नीति तथा कार्यविधिहरुलाई सहीरुपमा पालना गरेको छ।

## हस्तक्षेप रणनीति के हो?

हस्तक्षेप रणनीति तपाईलाई मद्दत गर्ने एउटा योजना, पद्दति वा कार्य हो जुन तपाई कोर्स प्रगति आवश्यकतालाई पूरा गर्न असफल हुने जोखिम भएको अवस्थामा लागु गरिन्छ। हस्तक्षेप रणनीतिको उद्देश्य तपाईको कोर्स प्रगतिलाई एक सन्तोषप्रद तहमा सुधार्न तपाईलाई मद्दत गर्नु हो।

उपयुक्त हस्तक्षेप रणनीति शैक्षिक क्षेत्र, अध्ययन बिषय तथा विद्यार्थी अनुसार फरक हुन सक्छ तर यसमा निम्न केही कार्यहरुमा समावेश हुन सक्छन्:

- उपलब्ध अध्ययन सीप कार्यशाला, शैक्षिक परामर्श, अंग्रेजी भाषा सहायता वा अन्य सहायताबारे तपाईलाई सुझाव दिने
- अर्को अध्ययन अवधि सकिनु अघि तपाईको प्रगतिलाई समीक्षा गर्न तपाईको शिक्षा प्रदायकको कर्मचारीलाई नियमितरुपमा भेट्न जरुरी हुने
- अस्थायीरुपमा तपाईको अध्ययनको बोझलाई कम गर्ने वा यदि तपाई तथा तपाईको शिक्षा प्रदायकबीच सहमति भएको छ भने तपाईको भर्नालाई अर्को विषयमा परिवर्तन गरिदिने
- तपाईले हाजिर हुनुपर्ने न्यूनतम कक्षा हाजिरी तय गर्ने
- निश्चित समयसीमाभित्र गृहकार्य वा मूल्यांकन कार्यहरु पूरा गरेको हुनुपर्ने
- अन्य सहायता सेवाहरुमा तपाईलाई रिफर गर्ने जस्तो कि व्यक्तिगत समस्याका लागि परामर्श, मेडिकल, बसोबास वा वित्तीय परामर्श सेवाहरुजस्ता उपयुक्त सेवा
- अवधि पछि सार्ने (डिफरमेन्ट) वा अस्थायी अध्ययन निलम्बन (सस्पेनसन) लाई मनन गर्ने
- तपाईलाई जरुरी पर्ने कदमहरुलाई यकिन गर्नका लागि लिखित हस्तक्षेप योजनालाई कार्यदिशा दिने जस मध्ये माथिका केही कार्यहरुमा समावेश हुन सक्छन्।

---

[1] ESOS legislative framework बारे International Education वेबपेजमा हेर्नुहोस्

## मैले अरु के कुराहरू थाहा पाउनु पर्छ?

हस्तक्षेप रणनीति कार्यान्वयनपछि पनि यदि तपाईले कोर्स प्रगतिको आवश्यकता पुरा गर्न असफल हुनुभयो भने तपाईको प्रदायकले तपाईलाई रिपोर्ट गर्ने आसयको सूचना (The Notice of Intention to Report) दिनु पर्छ। रिपोर्ट गर्ने आसयको सूचनामा तपाईलाई यो बताउन पठाइन्छ कि प्रदायकको Department of Home Affairs लाई तपाईको रिपोर्ट गर्ने आसय रहेको छ। शुरुमा २० कामकाजी दिन (सोमबारदेखि शुक्रबारसम्म सार्वजनिक बिदाबाहेक) भित्र तपाईलाई **आन्तरिक पुनरावेदन** गर्ने अवसर हुन्छ। यसलाई तपाईको प्रदायकको नीति तथा कार्यविधिमा उल्लेख गरेको हुन्छ। तपाईले आफ्नो शिक्षा प्रदायकको उजुरी तथा पुनरावेदन प्रकृयाको पालना गर्नुपर्ने हुन्छ। तपाईले आफ्नो सम्पर्क विवरण अद्यावधिक राखेको निश्चित गर्नुहोस्।

यदि तपाईले आन्तरित पुनरावेदन दाखिला गर्नुहुन्छ भने तपाईको प्रदायकले तपाईलाई आन्तरिक पुनरावेदनको लिखित निर्णय दिनुपर्छ र सो निर्णयका कारणहरुको व्याख्या गर्नुपर्छ। यसले तपाईको रिपोर्ट गर्नुअघि तपाईको Commonwealth Ombudsman जस्तो स्वतन्त्र उजुरी निकायलाई निश्चित समय (म्यादभित्र) **बाह्य उजुरी** गर्ने तपाईको अधिकार भएको पनि बताउछ।

तपाईको प्रदायको आन्तरिक पुनरावेदन निर्णय पढ्नुहोस् तथा बाह्य उजुरी गर्न चाहनुहुन्छ कि निर्णय गर्नुहोस्। तपाईको प्रदायकको **म्यादमिति** को अन्त्य हुनुअघि तपाईले बाह्य उजुरी निकायलाई सम्पर्क गर्नुपर्छ। तपाईले आफ्नो शिक्षा प्रदायकलाई यो पनि जानकारी दिनु पर्छ कि तपाईले बाह्य उजुरी दाखिला गर्नुभएको छ भनेर ता कि उनीहरुले बाह्य उजुरी प्रकृया पूरा नभएसम्म रिपोर्ट गर्नुहुन्न भनेर थाहा पाउँछन्।

## मेरो शिक्षा प्रदायकको निर्णयबारेमा कसरी उजुरी गर्ने?

यदि तपाई **निजी शिक्षा प्रदायक**सँग अध्ययन गरिरहेको अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने तपाईको प्रदायकसँगको उजुरी तथा पुनरावेदन प्रकृया सकाएर तपाईले Commonwealth Ombudsman लाई उजुरी गर्न सक्नुहुन्छ। अमबडस्मनले वर्तमान वा भुतपूर्व विद्यार्थीहरुले अष्ट्रेलियाका निजी विद्यालय, कलेज वा विश्वविद्यालय (शिक्षा प्रदायक) हरूसँगको समस्याका बारेमा परेका उजुरीहरुलाई अनुसन्धान गर्छ। तपाईले हाम्रो अनलाइन फाराम भर्न सक्नुहुन्छ वा हामीलाई 1300 362 072 मा फोन गर्न सक्नुहुन्छ। कसरी उजुरी गर्ने वा हामीलाई सम्पर्क गर्ने बारे थप जानकारीका लागि ombudsman.gov.au हेर्नुहोस्।

यदि तपाई **सार्वजनिक (सरकारी) शिक्षा प्रदायक**कहाँ अध्ययन गरिरहेको अन्तर्राष्ट्रिय वा स्वदेशी विद्यार्थी हुनुहुन्छ भने तपाईले सम्बन्धित राज्य वा प्रान्तका अमबडस्मनलाई[2] मा उजुरी गर्न सक्नुहुन्छ।

## यदि मैले अमबडस्मनलाई उजुरी गरेँ भने के यसले मेरो प्रदायकले Department of Home Affairs लाई रिपोर्ट गर्नबाट रोक्नेछ?

### यदि मलाई Department of Home Affairs मा रिपोर्ट गरिएमा के हुन्छ?

तपाईको प्रदायकले तपाईलाई रिपोर्ट गरेको कुरा तपाईलाई सूचित गराएको छ भने, तपाईको भिसा रद्द गर्नका लागि विचार गरिन सक्छ। यदि तपाईको भिसा रद्द गर्नका लागि विचार गरियो भने Department of Home Affairs ले तपाईलाई आफ्नो स्थितिको बारेमा जानकारी प्रदान गर्ने अवसर प्रदान गर्दै तपाईलाई सूचना पठाउनेछ। तपाईको स्थितिबारेको जानकारीलाई विचार गरिनेछ। तपाईले Department of Home Affairs द्वारा दिइएको समयसीमाभित्र तपाईले प्रतिउत्तर पठाउनुपर्छ अन्यथा तपाईको भिसा रद्द गर्न सक्छ। तपाईको सम्पर्क विवरणलाई अद्यावधिक राखिनु र तपाईले आफ्नो भिसा शर्तको निरन्तर पालना गर्नु महत्वपूर्ण हुन्छ। अष्ट्रेलियामा अध्ययनबारेको थप जानकारी तपाईले *homeaffairs.gov.au* मा पाउन सक्नुहुन्छ।

## अरु कसले मलाई मद्दत गर्न सक्छ?

तपाईले हाम्रो वेबसाइटमा तपाईलाई सहयोग गर्न सक्ने संगठनहरुको उपयोगी सूची (useful links)[3] प्राप्त गर्न सक्नुहुन्छ।

## अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि युक्तिहरू (टिप्स)

- तपाईको प्रदायकको कोर्स प्रगति नीतिलाई पढ्नुस् र तपाईले यसलाई राम्ररी बुझ्नुहोस्। यदि तपाईसँग यसका बारेमा कुनै प्रश्न भएमा तपाईको शिक्षा प्रदायकलाई सोध्नुहोस्।
- तपाईले आफ्नो प्रदायकको 'सन्तोषप्रद कोर्स प्रगति' तथा 'असन्तोषप्रद कोर्स प्रगति' को परिभाषालाई बुझ्नुहोस्। यदि तपाईलाई आफूले कुन मापदण्ड पूरा गर्नुपर्छ भन्ने थाहा छैन भने आफ्नो शिक्षा प्रदायकलाई तपाईका लागि व्याख्या गरिदिन अनुरोध गर्नुहोस्।

---

[2] http://www.ombudsman.gov.au/what-we-do
[3] http://www.ombudsman.gov.au/How-we-can-help/overseas-students/useful-links

- तपाईको शिक्षा प्रदायकले अनुगमन गर्ने कोर्स प्रगतिको समय अवधि के हो तपाईले थाहा पाउनुहोस्- के यो अध्ययनको पाँच हप्ते ब्लक हो? वा १० हप्ते अवधि? वा २६ हप्ते सेमेस्टर? वा यो तपाईको कोर्सको कुल अवधिको हो? यदि तपाईलाई थाहा छैन भने आफ्नै शिक्षा प्रदायकलाई सोध्नुहोस्।
- आफ्नो सम्पर्क विवरणलाई तपाईको शिक्षा प्रदायकसँग अद्यावधिक (उप्देत) राख्नुहोस्। यसले तपाईको शिक्षा प्रदायकले पठाएका सूचनाहरु तपाईले प्राप्त गर्ने निश्चित हुन्छ।
- तपाईको अध्ययनमा कुनै समस्याको महसुस गर्न थाल्नुभयो भने आफ्नो शिक्षा प्रदायकसँग यसका बारेमा कुरा गर्नुहोस् तथा मद्दतका लागि अनुरोध गर्नुहोस्।
- तपाईको शिक्षा प्रदायकले कोर्स प्रगतिका बारेमा उनीहरुसँग भेटेर छलफल गर्न बोलाएमा वा कुनै कर्मचारीलाई भेट्नका लागि भेटघाटको समय (अप्वाईनमेन्ट) मिलाउन भनेमा उनीहरुसँग समन्वय गर्नुहोस्। यो तुरुन्त गर्नुहोस्- अति ढिला हुञ्जेल कुरेर नबस्नुस्। यो आफ्नो कोर्स प्रगतिलाई सुधार गर्न मद्दत तथा सहायता प्राप्त गर्ने अवसर हो ता कि तपाईले रिपोर्ट हुनबाट जोगिन सक्नुहुन्छ।
- तपाईको शिक्षा प्रदायकसँग इमान्दार हुनुहोस् र के भइरहेको छ र आफ्नो अध्ययनमा किन समस्या झेलिरहनुभएको छ उनीहरुलाई भन्नुहोस्। यसमा निम्न कारणहरू हुन सक्छ:

  * घरको याद
  * सम्बन्धका समस्याहरु
  * बिमारी
  * आफ्नो कोर्सलाई नबुझेर, वा
  * तपाईले अनुभव गरिरहनुभएको अन्य समस्याहरु।

  ती समस्याहरुमा तपाईलाई मद्दत गर्न तपाईको शिक्षा प्रदायकले कोशिस गर्नुपर्छ वा तपाईले सम्पर्क गर्न सक्ने परामर्शलगायतका अन्य सहायता सेवाका बारेमा तपाईलाई बताउनुपर्छ।

- यदि तपाईको शिक्षा प्रदायकले तपाई सन्तोषप्रद कोर्स प्रगतिलाई पूरा गर्नमा असफल हुने जोखिममा हुनुहुन्छ भनेर बताउँछ भने उनीहरुले तपाईलाई हस्तक्षेप रणनीतिको प्रस्ताव राख्नुपर्छ। हस्तक्षेप रणनीति तपाईको कोर्स प्रगतिलाई सुधार गर्नमा मद्दत गर्नका लागि बनाईएको हुन्छ। उनीहरुले तपाईलाई प्रस्ताव गरेको कुरालाई स्वीकार गर्नुहोस् र आफ्नो कोर्स प्रगतिलाई सुधार्न उनीहरुले भनेका कार्यहरू पूरा गर्नुहोस्।
- तपाईको शिक्षा प्रदायकले प्रस्ताव गरेको वा भनेको हस्तक्षेप रणनीतिमा लाग्नुहोस्। यदि तपाईको शिक्षा प्रदायकले तपाईलाई मध्यस्थता योजना वा सिकाइ सम्झौता बनाईदिन्छ भने यसले तपाईले यसमा जे गर्न भनेको हो सोही अनुसार गरेको निश्चित गर्नुहोस्।

थप जानकारी **ombudsman.gov.au** मा उपलब्ध छ।

कृपया याद गर्नुहोस्: यस कागजातको आसय निर्देशन गर्ने मात्र हो। तसर्थ यसका जानकारीलाई कानुनी सुझावका रुपमा भर पर्नु हुँदैन वा व्यक्तिगत मामलामा कानुनी सुझावको बिकल्पको रुपमा लिइनु हुँदैन। यस कागजातमाथि भर परेर परिणामस्वरुप कुनै नोक्सानी वा क्षति भएमा कानुनले दिइएको अधिकतम हदसम्म Commonwealth Ombudsman जवाफदेही हुनेछैन। यसमा उद्धृत धेरैजसो ऐनहरुको अद्यावधिक संस्करणका लागि कृपया कानुनको संघीय रजिष्टर Federal Register of Legislation मा हेर्नुहोस्।